# होटल/रिसोर्टको सङ्केत चिह्न निर्धारण गरिएको सूचना !!!!

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७६।१०।२४ को निर्णय बमोजिम गठित सङ्केत चिह्न निर्धारण समितिको सिफारिस तथा यस विभागको मिति २०७७।११।०४ को निर्णयानुसार सबै स्तरका रिसोर्ट, तारास्तरका होटल तथा सबैस्तरका हेरिटेज बुटिक होटल, पर्यटकस्तरको होटल, पर्यटक इन, पर्यटक लज, मोटेल, बेड एण्ड ब्रेकफाष्ट (बी. एण्ड बी.) बाट प्रदान हुने सेवा, गुणस्तर, क्षमता, अन्तर्राष्ट्रिय अभ्यास समेतको आधारमा पर्यटकस्तरका पूर्वाधार भएको जनाउको लागि नेपालभर एकरुपता हुने गरी सङ्केत चिह्न निर्धारण गरिएकाले सम्बन्धित निकायमा दर्ता भई स्तरवर्गीकरण प्रमाणपत्र प्राप्त गरेका होटल/रिसोर्टहरूले स्तरवर्गीकरण भए अनुसार राख्न पाउने सङ्केत चिह्नलाई नामसंगै प्रष्ट देखिने गरी देहाय अनुसार राख्नुहुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

१. सवैस्तरका रिसोर्ट, तारास्तरका होटल तथा सबैस्तरका बुटिक होटलका सम्बन्धमा सङ्केत चिह्नको रूपमा तारा **(STAR)** चिह्न प्रयोग गर्नुपर्ने।

२. सवैस्तरका रिसोर्ट, तारास्तरका होटल तथा सबैस्तरका बुटिक होटलले देहायको संख्यामा तारा **(STAR)** चिह्न प्रयोग गर्नुपर्ने:

   क) एक तारास्तरको होटलका लागि --------------------एक तारा
   ख) दुई तारास्तरको होटलका लागि --------------------दुई तारा
   ग) तीन तारास्तरको होटलका लागि ------------------- तीन तारा
   घ) चार तारास्तरको होटलका लागि ------------------- चार तारा
   ङ) पाँच तारास्तरको होटलका लागि --------------- ---पाँच तारा
   च) पाँच तारा डिलक्सस्तरको होटलका लागि ----------- पाँच तारा र डिलक्स शब्द
   छ) साधारण हेरिटेज बुटिक होटलका लागि ------------ तीन तारा र स्याण्डर्ड हेरिटेज बुटिक शब्द
   ज) डिलक्स हेरिटेज बुटिक होटलका लागि ------------ चार तारा र डिलक्स हेरिटेज बुटिक शब्द
   झ) लक्जरी हेरिटेज बुटिक होटलका लागि ------------ पाँच तारा र लक्जरी हेरिटेज बुटिक शब्द
   ञ) साधारण रिसोर्टको लागि ------------------------ तीन तारा र स्याण्डर्ड रिसोर्ट शब्द
   ट) डिलक्स रिसोर्टको लागि ------------------------ चार तारा र डिलक्स रिसोर्ट शब्द
   ठ) लक्जरी रिसोर्टको लागि ------------------------ पाँच तारा र लक्जरी रिसोर्ट शब्द

३. साविकमा पर्यटन विभाग तथा अन्तर्गतका कार्यालयबाट पर्यटकस्तरको होटलमा स्तर वर्गीकरण भएका र हाल प्रदेश सरकारको सम्बन्धित निकायबाट पर्यटकस्तरको होटलमा स्तरवर्गीकरण भएका होटलको हकमा गोलाकार रेखाभित्र रातो रङ्गमा TS लेखिएको चिह्नलाई सङ्केत चिह्नको रूपमा प्रयोग गर्नुपर्ने।

४. साविकमा पर्यटन विभाग तथा अन्तर्गतका कार्यालयमा दर्ता भएका र हाल प्रदेश सरकारको सम्बन्धित निकायमा दर्ता भएका मोटलको हकमा गोलाकार रेखाभित्र रातो रङ्गमा m लेखिएको चिह्नलाई सङ्केत चिह्नको रूपमा प्रयोग गर्नुपर्ने।

५. साविकमा पर्यटन विभाग तथा अन्तर्गतका कार्यालयमा दर्ता भएका र हाल प्रदेश सरकारको सम्बन्धित निकायमा दर्ता भएका पर्यटक इनको हकमा गोलाकार रेखाभित्र रातो रङ्गमा i लेखिएको चिह्नलाई सङ्केत चिह्नको रूपमा प्रयोग गर्नुपर्ने।

Scanned with CamScanner

६. सविकमा पर्यटन विभाग तथा अन्तर्गतका कार्यालयमा दर्ता भएका र हाल प्रदेश सरकारको सम्बन्धित निकायमा दर्ता भएका बेड एण्ड ब्रेकफाष्टको हकमा गोलाकार रेखाभित्र रातो रङ्गमा B&B लेखिएको चिह्नलाई सङ्केत चिह्नको रूपमा प्रयोग गर्नुपर्ने।

७. सबैस्तरका रिसोर्ट, तारास्तरका होटल तथा सबैस्तरका बुटिक होटलले होटल/रिसोर्टको प्रवेशद्वारमा सम्बन्धित स्थानीय तहले तोकेको आकार (SIZE) मा होटल/रिसोर्टको बनौट अनुसार सजिलै देखिने गरी तोकिएको संख्याका तारा चिह्न सहितको साइनबोर्ड राख्नुपर्ने।

८ पर्यटकस्तरका होटलले होटलको प्रवेशद्वारमा सम्बन्धित स्थानीय तहले तोकेको आकार (SIZE) मा होटलको बनौट अनुसार सजिलै देखिने गरी गोलाकार रेखाभित्र रातो रङ्गमा TS लेखिएको चिह्नसहितको साइनबोर्ड राख्नुपर्ने।

९ मोटलले मोटलको प्रवेशद्वारमा सम्बन्धित स्थानीय तहले तोकेको आकार (SIZE) मा मोटलको बनौट अनुसार सजिलै देखिने गरी गोलाकार रेखाभित्र रातो रङ्गमा m लेखिएको चिह्नसहितको साइनबोर्ड राख्नुपर्ने।

१० पर्यटक इनले प्रवेशद्वारमा सम्बन्धित स्थानीय तहले तोकेको आकार (SIZE) मा पर्यटक इनको बनौट अनुसार सजिलै देखिने गरी गोलाकार रेखाभित्र रातो रङ्गमा i लेखिएको चिह्नसहितको साइनबोर्ड राख्नुपर्ने।

११ बेड एण्ड ब्रेकफाष्टले प्रवेशद्वारमा सम्बन्धित स्थानीय तहले तोकेको आकार (SIZE) मा बेड एण्ड ब्रेकफाष्टको बनौट अनुसार सजिलै देखिने गरी गोलाकार रेखाभित्र B&B लेखिएको चिह्नसहितको साइनबोर्ड राख्नुपर्ने।

१२ सबैस्तरका रिसोर्ट, तारास्तरका होटल तथा सबैस्तरका बुटिक होटलमा प्रवेश गर्दा पाहुनाहरूले स्पष्ट र सजिलै देखिने गरी आगमन कक्ष/स्वागत कक्षको आसपासमा होटल/रिसोर्टको बनौट अनुसार न्यूनतम ८×१२ इन्च र अधिकतम २४×३६ इन्च आकार (SIZE) मा देहाय बमोजिम साइनबोर्ड राख्नुपर्नेः

क) पित्तल (BRASS) को प्लेट भएको साइनबोर्ड,

ख) साइनबोर्डको माथिल्लो भागमा नेपालको रङ्गीन निशाना छाप,

ग) निशाना छापको ठीक मुनितिर तोकिएको संख्यामा रहेका रातो रङ्गका तारा,

घ) तारा चिह्नको ठीक मुनितिर कालो रङ्गको तेर्सो धर्का,

ङ) कालो रङ्गको तेर्सो धर्काको ठीक मुनितिर होटल/रिसोर्टको नाम,

च) होटल/रिसोर्टको नामको ठीक मुनितिर कालो रङ्गको तेर्सो धर्का,

छ) पर्यटकस्तरका होटलहरूले ताराको सट्टा गोलाकार रेखाभित्र रातो रङ्गमा TS लेखिएको चिह्न राख्ने,

ज) मोटलले ताराको सट्टा गोलाकार रेखाभित्र रातो रङ्गमा m लेखिएको चिह्न राख्ने,

झ) पर्यटक इनले ताराको सट्टा गोलाकार रेखाभित्र रातो रङ्गमा i लेखिएको चिह्न राख्ने,

ञ) बेड एण्ड ब्रेकफाष्टले ताराको सट्टा गोलाकार रेखाभित्र रातो रङ्गमा B&B लेखिएको चिह्न राख्ने,

ज) होटल एसोसियसन नेपाल वा होटल व्यवसायीहरूको साझा संस्थाका सदस्य रहेका होटल/रिसोर्टले उक्त संस्थाको प्रतीक चिह्न समेत राख्न सक्ने।

झ) यस्तो प्रतीक चिह्न राख्नुपर्दा नेपालको निशाना छापको एक चौथाइ कम आकारमा रहने गरी होटल/रिसोर्टको नाम लेखिएको स्थानबाट दायाँतर्फ राख्नुपर्ने।

Scanned with CamScanner

★
HOTEL NAME

★★
HOTEL NAME

★★★
HOTEL NAME

★★★★
HOTEL NAME

★★★★★
HOTEL NAME

★★★★★
DELUXE
HOTEL NAME

★★★
STANDARD RESORT
RESORT NAME

★★★★
DELUXE RESORT
RESORT NAME

★★★★★
DELUXE RESORT
RESORT NAME

★★★
STANDERD
BOUTIQUE HOTEL NAME

★★★★
DELUXE
BOUTIQUE HOTEL NAME

★★★★★
LUXURY
BOUTIQUE HOTEL NAME

m
Motel
MOTEL NAME

i
Inn
NAME

B&B
Bed & Breakfast
NAME

TS
Tourist Standard
HOTEL NAME

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल सरकार
पर्यटन विभाग
काठमाडौं
२०७१

Scanned with CamScanner